**प्रदेश सभाका माननीय सभामुख**
**प्रदेश सभाका माननीय सदस्यहरु,**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. १ को प्रदेश सभा र प्रदेश सरकार सञ्चालनमा आएको पाँचौं वर्षमा प्रवेश गरेको यस ऐतिहासिक अवसरमा संघीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, समतामूलक र समृद्ध नेपालको निर्माण गर्ने उद्देश्यका साथ सरकार सञ्चालन, शासकीय प्रबन्ध र प्रदेशको सर्वाङ्गीण विकासमा केन्द्रीत रहेको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम, यस सम्मानित प्रदेश सभामा प्रस्तुत गर्न पाउँदा खुशी र गौरवको अनुभूति गरेको छु।

२. यस अवसरमा, निरंकुश राणा शासन, पञ्चायती व्यवस्था र राजतन्त्र अन्त्य गरी लोकतन्त्र, बहुदलीय व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक विद्रोह, संघर्ष, अभियान, जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन, आदिवासी-जनजाति आन्दोलन र अन्य सबै न्यायपूर्ण आन्दोलनका दौरानमा र नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डता रक्षाका लागि सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै, घाइते तथा बेपत्ता नागरिकले पुर्‍याउनु भएको योगदानको उच्च सम्मान व्यक्त गर्दछु।

**माननीय सभामुख,**

३. सीमित श्रोत साधनको बावजुद आधारभूत व्यवस्थापन तथा संरचनाको जग बसाल्ने, आवश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधि निर्माण गर्ने, शान्ति, सुव्यवस्था, सुशासन कायम गर्ने, पूर्वाधार र विकास निर्माणका महत्वपूर्ण कामहरु अघि बढाउने,

राहत उद्धार, सेवा प्रवाहका महत्वपूर्ण कामहरु गर्ने, कोभिड-१९को महामारीबाट जनताको जीवन रक्षा गर्ने जस्ता काममा प्रदेश सरकारले महत्वपूर्ण सफलता हासिल गरेकोछ । प्रदेश सरकारको काम कार्वाहीमा जनताको सहभागिता, समर्थन र अपनत्व उत्साहजनक छ । यी उपलब्धिहरुका लागि प्रदेश सरकारका माननीय मुख्यमन्त्री, माननीय मन्त्रीहरु, प्रदेश सभाका माननीय सदस्यहरु, प्रदेश सरकारअन्तर्गतका पदाधिकारीहरु र सम्पूर्ण प्रदेशवासी नागरिकलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

४. मुलुकसर्वाङ्गीण विकास, उन्नति र समृद्धिको अग्रगामी अभियानमा अग्रसर र गतिशील रहेको सन्दर्भमा प्रदेश सरकारले 'स्वच्छ, सुखी र समुन्नत प्रदेश' निर्माण गर्ने दूरदृष्टि लिएको कुरा सबैमा विदितै छ। सरकारको दूरदृष्टिलाई कार्यरुपमा रुपान्तरण गरी प्रदेशको समग्र विकास, समृद्धि र सुशासनप्रति आमजनताको उत्कट अभिलाषालाई साकार पार्न प्रदेश सरकार दृढ संकल्पित रहेको छ।

५. नेपालको संविधान, प्रदेश सरकारको प्रथम आवधिक योजना, प्रदेश सरकारका क्षेत्रगत नीतिहरू, प्रदेश सरकार गठन हुँदा तय गरिएका न्यूनतम साझा कार्यक्रम, प्रदेश सरकारको हालसम्मको उपलब्धि, प्रदेशको वस्तुगत आवश्यकता र आम नागरिकको चाहना र अपेक्षा मध्यनजर गर्दै प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तयार गरेको छ।

६. प्रस्तुत नीति तथा कार्यक्रम आम नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्नेतथा समाजवाद उन्मुख अर्थतन्त्रको आधार तयार गर्ने दिशा तर्फ केन्द्रित रहेको छ। रुपान्तरणकारी भौतिक पूर्वाधार विकास गर्ने, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्ने तथा समतामूलक समाज स्थापनाको लागि सामाजिक एवम् आर्थिक क्षेत्रमा थप लगानी विस्तार गरी उत्थानशील अर्थतन्त्रको

निर्माणलाई प्रस्तुत नीति तथा कार्यक्रमले उच्च प्राथमिकतामा राखेको छ।

**माननीय सभामुख,**

७. मुलुकमा संघीयता कार्यान्वयन भएसँगै गठन भएको प्रदेश सरकार हामी सबैका लागि नितान्त नौलो अभ्यास थियो। सरकार गठन हुँदा हामीसँग कानूनी तथा प्रशासनिक संरचना र पूर्वाधारको अभाव थियो। न त हामीसँग प्रदेश सरकार सञ्चालनको अनुभव नै थियो। संघीयता कार्यान्वयनको छोटो अवधिमै अत्यावश्यक ऐन, नियम, निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी कानूनी आधार निर्माण गरिएको छ। उपलब्ध साधन श्रोतको समुचित उपयोग र परिचालन मार्फत प्रदेश गौरवका आयोजना सञ्चालन गरी आर्थिक-सामाजिक रुपान्तरणको आधार तयार भएको छ। कतिपय आयोजना सम्पन्न भइसकेका छन् भने दीर्घकालीन महत्वका धेरै आयोजनाहरु छिट्टै सम्पन्न हुने अवस्थामा छन्।

८. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कोभिड-१९ वैश्विक महामारीको संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा महत्वपूर्ण सफलता हासिल भएको छ। हाल महामारीको संक्रमणमा कमी आई अवस्था सामान्यीकरण हुँदैगएको छ। प्रदेशको कूल जनसङ्ख्याको ६३.८ प्रतिशत जनसङ्ख्यालाई कोभिड-१९ विरुद्धको पूर्णमात्राको खोप र ११.२ प्रतिशत जनसङ्ख्यालाई खोपको अतिरिक्त मात्रा लगाइसकिएको छ। कोभिड-१९ र यस्तै सङ्क्रामक रोगको सामना गर्न एवम् समग्र स्वास्थ्य सेवा प्रवाहमा सुधार ल्याउन प्रदेश सरकार मातहतका स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरिएको छ।

९. प्रदेश गौरव आयोजनाको रूपमा रहेको विराटचोक-घिनाघाट सडक निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ । प्रादेशिक

लोकमार्गका केही महत्वपूर्ण आयोजनाहरू र सडक पुलहरु चालू आर्थिक वर्षभित्र सम्पन्न गरिनेछन् ।

१०. पर्यटन विकासको दृष्टिले महत्वपूर्ण स्थानहरुमा पर्यटकीय पूर्वाधार निर्माण एवम् सेवा सुविधा विस्तार गरी पर्यटन प्रवर्द्धन गर्न प्रदेश सरकारले सो क्षेत्रमा लगानी बढाएको छ। साँस्कृतिक एवम् पर्यटकीय दृष्टिले अत्यन्तै महत्वपूर्ण मुन्धुम पदमार्ग अन्तर्गत ८७ किलोमिटर पदमार्ग निर्माण एवम् स्तरोन्नतिको कार्य सम्पन्न गरिएको छ।

११. प्रदेश नं १ लाई डिजिटल प्रदेशको रुपमा विकास गर्ने अवधारणालाई मूर्तरुप दिनेतर्फ आवश्यक कार्यहरू भइरहेको छ।प्रदेश मन्त्रालयवाट हुने कामकारवाहीलाई छिटो छरितो र मितव्ययी बनाउन अफिस अटोमेसन प्रणाली कार्यान्वयनमा ल्याइएको छ। सरकारी कार्यालयहरू बीच पत्र आदानप्रदान गर्न सरकारी इ-मेलको प्रयोगलाई अनिवार्य गरिएको छ।

१२. यातायात कार्यालयहरुमा बढ्दै गएको अत्यधिक चापलाई दृष्टिगत गरी प्रदेश सरकारले यातायात सेवा कार्यालय विस्तार गरेको छ । यातायात सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग गरी वर्षौंदेखि वितरण गर्न बाँकी रहेका सवारी चालक अनुमतिपत्र वितरण गर्ने कार्य सम्पन्न हुने अवस्थामा पुर्‍याइएको छ। सवारी चालक अनुमतिपत्रका लागि लिइने 'ट्रायल' परीक्षालाई समयमै सम्पन्न गर्न यातायात सेवा कार्यालयको क्षमता विस्तार गरिएको छ।

१३. प्रदेश प्रशिक्षण केन्द्र स्थापना भई सञ्चालनमा आएको छ। केन्द्रवाट प्रदेश नं. १ का स्थानीय तहहरूलाई तालिम प्रदान गर्नुको साथै कानून निर्माणमा सहयोग, परामर्श सेवा र क्षमता विकासका विविध कार्य नियमित रुपमा भइरहेका छन्।

**माननीय सभामुख,**

अब म यस गरीमामय प्रदेश सभामा प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१४. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्ने, प्रदेशलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने र मुलुकको बढ्दो व्यापार घाटा न्यूनीकरणमा योगदान पुर्‍याउने अभिप्रायले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिइएको छ।

१५. कृषि क्षेत्रको समग्र विकासका लागि प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।खाद्य सुरक्षाको लागिउन्नत तथा वर्णशंकर गुणस्तरीय बिउ-बिजनमा कृषकको पहुँच विस्तार गरिनेछ। प्राङ्गारिक मल र जैविक विषादी उत्पादन, प्रवर्द्धन र उपयोगलाई प्रोत्साहन गरिनेछ। दिगो कृषि विकासका लागि माटो परीक्षण र माटो सुधार कार्यक्रम अभियानको रुपमा विस्तार गरिनेछ।

१६. कृषि तथा पशुधन विमा र सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।उत्पादनको आधारमा किसानलाई सोझै अनुदान दिने व्यवस्था गरिनेछ । कृषकहरूलाई समयानुकूल कृषि प्रविधि र मौसम सम्बन्धी सूचना नियमित रुपमा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१७. 'किसान सूचीकरण कार्यक्रम'लाई स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा सबै स्थानीय तहमा विस्तार गर्दै लगिनेछ। कृषि विकास सम्बन्धी सेवा, सुविधा तथा सहुलियत प्रदान गर्दा किसान परिचय-पत्रलाई क्रमशः अनिवार्य गर्दै लगिनेछ।

१८. कृषि सम्वद्ध सरकारी फार्महरुको पूर्वाधार र प्राविधिक पक्षको स्तरोन्नति गरी विशिष्टीकृत केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

१९. स्थानीय तह, कृषि सहकारी, कृषि समूहहरु र निजी क्षेत्रसँगको सहकार्यमा 'एकपालिका एक उत्पादन'को नीति अवलम्बन गरिनेछ ।

२०. 'पशुपन्छी तथा माछामा नश्ल सुधार, दूध तथा माछा मासु उत्पादन वृद्धिको आधार' भन्ने नाराका साथ पशुपन्छी तथा माछाको नश्ल सुधार गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। स्थानीय तहसम्म पशु स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आवश्यक समन्वय गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको समन्वय एवम् सहकार्यमा पशुपन्छीमा लाग्ने गम्भीर प्रकृतिका रोग तथा महामारी नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । साथै प्रदेशलाई खोरेत रोग मुक्तबनाउन अभियान सञ्चालन गरिनेछ ।

२१. गुणस्तरीय पशु आहाराको पहुँच विस्तार गर्न घाँसेबाली बिउ उत्पादन, साइलेज उत्पादन तथा पशु आहारा परीक्षणलाई प्रभावकारी बनाइनेछ।

२२. कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायिक विस्तारका लागि युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। सम्भाव्यताका आधारमा स्थान विशेषमा सामूहिक एवम् सहकारी खेती गर्न प्रोत्साहित गरिनेछ। बढी आयात हुने धान, मकै, आलु, प्याज, लसुन र फलफूलको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२३. स्थानीय तहसँगको सहकार्यमा साना किसानबाट उत्पादन गरिएको कृषि उपजलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्दै संकलन, प्रशोधन, प्याकेजिङ्ग र बजारीकरणको' एकीकृत बजारीकरण मोडेल' मार्फत बजार सुनिश्चित गरिनेछ।

२४. कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट प्रदान गरिने सेवा विस्तार गरी स्थानीय तहसगँको

समन्वयमा प्रभावकारी बनाइनेछ। स्थानीय तहमा कार्यरत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ। प्रादेशिक तालिम केन्द्र र प्रयोगशालाहरुको स्तरोन्नति गरी गुणस्तरीय सेवा सुनिश्चित गरिनेछ।

२५. प्रदेशमा विद्यमान विभिन्न सडक सञ्जालको प्रभाव क्षेत्रमा बसोबास गर्ने किसानलाई मौसमी तथा बेमौसमी तरकारी उत्पादन रपशुपालन गर्न प्रोत्साहित गरी आयस्तर अभिवृद्धि गर्न आवश्यक सहयोग पुर्याइनेछ। भौगोलिक सम्भाव्यताका आधारमा विभिन्न फलफूलवालीको क्षेत्र विस्तार तथा नयाँ प्रविधिमा आधारित फलफूल बगैंचा स्थापना र व्यवस्थापनका लागि प्राविधिक सेवा उपलब्ध गराई प्रोत्साहित गरिनेछ।

**माननीय सभामुख,**

२६. विद्यमान कानूनमा समसामयिक सुधार गरी उद्योगमैत्री वातावरणको निर्माण गरिनेछ। प्रदेशमा व्यावसायिक वातावारणमा सुधार गरी उद्योग क्षेत्रमा थप लगानी आकर्षित गरिनेछ । उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी सेवालाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। प्रदेशभित्र रहेका उद्योग कलकारखानाको औद्योगिक प्रोफाइल तयार गरिनेछ।

२७. उद्योग क्षेत्रको विकासका साथै आर्थिक सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण ठूला आयोजनाहरुमा स्वदेशी तथा विदेशी लगानी आकर्षण गर्ने उद्देश्यका साथ वृहत लगानी सम्मेलन आयोजना गरिनेछ।

२८. निजी क्षेत्रको समन्वय एवम् सहकार्यमा औद्योगिक वस्तुको प्रवर्द्धन एवम् उद्योग क्षेत्रको विकाससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको सभा सम्मेलन आयोजना गर्न प्रदेशभित्र एउटा औद्योगिक

प्रदर्शनी स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरी निर्माण कार्य प्रारम्भ गरिनेछ।

२९. 'हाम्रो उत्पादन हाम्रो सँस्कृति 'अभियान सञ्चालन गरी स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको विकास एवम् विस्तारका लागि प्रोत्साहित गरिनेछ।

३०. प्रदेशको मौलिक सांस्कृतिक र परम्परागत सीपसँग आवद्ध घरेलु उद्यमको संरक्षण र विकासका लागि उपयुक्त प्रविधि हस्तान्तरण मार्फत उत्पादन क्षमता अभिवृद्धि गरिनेछ।यसका लागि 'एक गाउँ, एक उद्योग' तथा 'एक घर, एक उद्यमी' कार्यक्रमको थालनी गरिनेछ।

३१. उदयपुर सिमेन्ट कारखानाको उत्पादन क्षमता अभिवृद्धिका साथै क्लिङ्कर उत्पादन गरी निर्यात प्रवर्द्धन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३२. संघीय सरकारको समन्वयमा प्रदेशका नागरिकहरुको आय आर्जन र रोजगारी सृजना गर्न घरेलु मदिरा ब्राण्डिङ्ग गरिनेछ ।

३३. प्रदेशमा रोजगारीका अवसर वृद्धि गर्न तथा श्रम बजारको माग र आपूर्तिबीच सामञ्जस्यता कायम गर्न प्रदेश रोजगार नीति तर्जुमा गरी लागू गरिनेछ । रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ।

३४. कोभिड-१९ महामारीबाट रोजगारी गुमाएका श्रमिकको मनोसामाजिक परामर्श, क्षमता अभिवृद्धि र सामाजिक एकीकरण लगायतका श्रम आप्रवासन सम्बन्धी कार्यक्रम थप जिल्लामा बिस्तार गरिनेछ । वैदेशिक रोजगारीलाई बढी व्यवस्थित, उत्पादनशील र मर्यादित बनाउन 'माइग्रेशन रिसोर्स सेन्टर'को भूमिकालाई प्रभावकारी बनाइनेछ।

३५. संघ प्रदेश र स्थानीय तहको समन्वय एवम् सहकार्य र सम्बन्धित सरोकारवालाको सहभागितामा उपभोक्ता हकहित संरक्षण सम्बन्धी

सूचना प्रवाह तथा सचेतना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

३६. औद्योगिक प्रदुषण नियन्त्रण एवम् न्यूनीकरणका लागि नियमन व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

३७. संघ प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेशमा रहेका खानी एवम् खनिज अन्वेषण र उत्खनन् सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा गरिनेछ।

३८. व्यावसायिक सीप विकास तथा तालिम केन्द्रहरुको स्तरोन्नति, क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ।

३९. प्रदेशस्तरमा सामाजिक सम्वादलाई संस्थागत गर्न तथा औद्योगिक श्रम सम्बन्ध व्यवस्थित गर्न गठित प्रदेश श्रम सल्लाहकार परिषद्लाई थप कृयाशील बनाइनेछ। श्रमिकको हकहित, सुरक्षा र सामाजिक सम्वाद सम्बन्धी प्रादेशिक नीति एवम् कानून तर्जुमा गरिनेछ।

४०. तुलनात्मक लाभका बस्तु तथा सेवाको पहिचान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण गर्ने नीति लिइनेछ। चिया, अलैंची जस्ता उच्च मूल्ययुक्त कृषि उपजको उत्पादन, भण्डारण, प्रशोधन र निर्यात लगायतको मूल्यश्रृङ्खलाका विविध पक्षमा अध्ययन गरी सुधारका कार्य अघि बढाइनेछ।

**माननीय सभामुख,**

४१. प्रदेश भू-उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । स्थानीय तहसँगको समन्वयमा भूमि सम्बन्धी तथ्याङ्क एवम् अभिलेख अद्यावधिक गरिनेछ।

४२. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहित गरिनेछ। सहकारी संघ संस्थाहरुको क्षमता अभिवृद्धिका लागि

सहकारी शिक्षा, नेतृत्व विकास, व्यावसायिक योजना र उद्यमशीलता विकास सम्वन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ। सहकारी संस्थाहरुको अनुगमनका लागि मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४३. अति विपन्न गरिब परिवारसम्म सहकारी क्षेत्रको पहुँच विस्तार गर्न सहकारी संघसंस्थालाई गरिबी न्यूनीकरणका कार्यक्रमसँग आवद्ध गरिनेछ। सहकारी मार्फत सामूहिक खेती सञ्चालन गर्न कृषि सहकारी र कृषक समूहहरुलाई प्रोत्साहीत गरिनेछ । 'टोल टोलमा सहकारीः घरघरमा रोजगारी' अभियान सञ्चालन गरिनेछ।

४४. स्वदेशमा सीप सिकेका सीपयुक्त युवाहरुलाई सीप अनुसारको उपयुक्त प्रविधि हस्तान्तरण गरिनेछ । सहकारी मार्फत सामूहिक खेती सञ्चालन गर्न कृषि सहकारी र कृषक समूहलाई अनुदान उपलव्ध गराइनेछ । सहकारी संघ संस्थाहरुको संस्थागत सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४५. संघ, प्रदेश र स्थानीय तहको समन्वयमा गरिब र बेरोजगार युवाहरुका लागि स्वरोजगारमूलक तालिम सञ्चालन गर्नुका साथै तालिम प्राप्त जनशक्तिलाइ आवश्यक सामग्री सहित रोजगारीमा आवद्ध गर्ने गरी 'प्रदेश नमूना स्वरोजगार' कार्यक्रम संञ्चालन गरिनेछ।

४६. सहकारी मार्फत उद्यमशीलता प्रवर्द्धन र पेशागत क्षमता विकास गर्न आवश्यक पुँजी र प्रविधिको ब्यवस्था गरिनेछ। सहकारीको माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने कार्यक्रमलाई वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।

**माननीय सभामुख,**

४७. प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यको विकास, ब्राण्डिङ्गर बजारीकरणका लागि स्थानीय तह, पर्यटन सम्बद्ध संस्थाहरु र निजी क्षेत्रसँग आवश्यक सहकार्य गरिनेछ । आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न प्रादेशिक पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयन प्रारम्भ गरिनेछ । पर्यटन उद्यमशीलताको विकास गर्न निजी क्षेत्रको सहकार्यमा अन्तर्राष्ट्रिय स्तरको तालिम सञ्चालन गरिनेछ।

४८. मनोरञ्जन तथा फुर्सदको समय उपयोग गर्न आउने पर्यटकलाई ध्यानमा राखी 'हिल स्टेसन' को पूर्वाधार विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पर्यटकको बसाई अवधि बढाउन सरोकारवालाहरुसँगको समन्वयमा लामो तथा छोटो अवधिको भ्रमण प्याकेज निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । पर्यटकहरुलाई विना झन्झट भ्रमण गर्ने वातावरण तयार गर्न सेवा प्रवाहलाई सरल, सहज र छरितो बनाइने छ।

४९. पर्या-पर्यटनमा आधारित पर्यटकीय गन्तव्य स्थलहरुको विकास गरिनेछ। कृषि तथा पदयात्रा पर्यटनको माध्यमबाट ग्रामीण स्तरमा आय आर्जन एवम् रोजगारीको अवसर सिर्जना गरिनेछ । पदमार्गमा आधारित पर्यटन विकास परियोजनालाई उच्च प्राथमिकता युक्त प्रादेशिक आयोजनाको रुपमा अघि बढाइनेछ । मुन्धुम पदमार्गको बाँकी निर्माण कार्य सम्पन्न गरिनेछ।

५०. भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन तथा प्रर्वद्धनका लागि प्रादेशिक संस्कृति नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। लोपोन्मुख तथा सीमान्तकृत समुदाय एवम् किराँत, लिम्बू, धिमाल, थारु, कोच लगायतका सभ्यता र संस्कृतिको अध्ययन अनुसन्धान गरी पर्यटकीय सम्पदाको रुपमा विकास गरिनेछ।

५१. प्रदेशभित्र रहेका विभिन्न जात-जातिको पहिचानको रुपमा रहेका ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि धनकुटामा रहेको प्रादेशिक संग्रहालयलाई बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गरिनेछ।

५२. प्रदेशभित्र बोलिने प्रमुख भाषा र लिपीको संरक्षण एवम् सम्वर्द्धन गरिनेछ। प्रदेशका प्रमुख नाका तथा विमानस्थलमा प्रदेशको पर्यटकीय महत्व झल्किने कला, संस्कृति र प्राकृतिक सम्पदाको प्रचार सामग्री तथा डिजिटल डिस्प्ले राखिनेछ।

५३. ऐतिहासिक एवम् पुरातात्विक महत्वका गढी, थुम, किल्लार मुन्धुमी स्थलहरुको संरक्षण र संवर्द्धन गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ । समाधिस्थल र कब्रस्थानहरुको उचित संरक्षण गरिनेछ । किराँत संस्कृतिसँग जोडिएको सप्तकोशी नदीमा अवस्थित खुवालुङ्गको संरक्षण तथा प्रवर्द्धन गरिनेछ। बराहक्षेत्रको पर्यटकीय विकासमा सहयोग पुग्नेगरी आकर्षक झोलुङ्गे पूल निर्माण गरिनेछ ।

५४. संघ, प्रदेश र स्थानीय तहको समन्वय एवम् सहकार्यमा विराटनगर विमानस्थलको विस्तार र स्तरोन्नतिको कार्य अघि बढाइनेछ। विराटनगरवाट अन्तरप्रदेश र प्रदेश भित्रका पहाडी विमान स्थलहरुमा हवाई उडानएवम् माउण्टेन फ्लाइट नियमित रुपमा सञ्चालन गर्न समन्वय र सहजीकरण गरिनेछ।

**माननीय सभामुख,**

५५. प्रदेश सरकारको उच्च प्राथमिकतामा रहेका बहुवर्षीय सडक आयोजनाहरुलाई प्रादेशिक लोकमार्गको रुपमा विकास गरिनेछ । प्रादेशिक लोकमार्ग, सडकपुल, प्रादेशिक रणनीतिक सडक तथा झोलुङ्गे पुल निर्माण कार्य समयमै सम्पन्न गर्न बिशेष जोड दिइनेछ।

५६. प्रादेशिक सडक यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । संघीय सरकार र विकास साझेदारसँगको सहकार्यमा ग्रामीण सडक सञ्जालर पालिकाको केन्द्रसँग जोड्ने सडकको स्तरोन्नति गरिनेछ।सडक पूर्वाधार निर्माण गर्दा वायो-इन्जिनियरिङ्गलाई अनिवार्य गरिनेछ।

५७. प्रदेशभित्रका ठूला नदीहरुमा जलयातायात सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ। साथै उच्च हिमाली क्षेत्रका ऐतिहासिक, धार्मिक एवम् प्रमुख पर्यटकीय केन्द्र जोड्न केवुलकार निर्माण गर्ने विषयमा प्रारम्भिक सम्भाव्यता अध्ययन गरिनेछ।

५८. सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुरका नागरिकहरुलाई प्रदेश राजधानीसँग जोड्ने छोटो दुरीको चतरा-घुर्मी (कोशी कोरिडोर) सडक संघीय सरकारसँग आवश्यक समन्वय गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

५९. गुणस्तरीय पूर्वाधार निर्माणका लागि प्रदेश स्तरमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्न प्रयोगशाला स्थापना गरिनेछ। पूर्वाधार निर्माण गर्दा वातावरणीय पक्ष र सौन्दर्यका साथै अपाङ्गमैत्री बनाउन जोड दिइनेछ।

६०. प्रदेश सरकारको केन्द्रीय प्रशासनिक संरचना र अन्य प्रदेशस्तरीय निकायको भौतिक संरचना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अघि बढाइनेछ। साथै वृहत विराट क्षेत्रको विकास तथा चक्रपथ निर्माणका लागि गुरुयोजना तयार गरिनेछ।

६१. संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा स्मार्ट सिटी तथा नमूना गाउँहरुको पूर्वाधार निर्माणको कार्य प्रारम्भ गरिनेछ।

६२. प्रदेशको राजधानी विराटनगर र इटहरी तथा धरानलाई आधुनिक सहरको रुपमा विकास गर्न वृहत गुरुयोजना तयार गरी निर्माण कार्य प्रारम्भ गरिनेछ।

६३. केसलिया र सिघिंया खोलाको तटवन्धन, सौन्दर्यीकरण र दुबै किनारामा कोरिडोर निर्माणको विस्तृत सम्भाव्यता अध्ययन गरी कार्य आरम्भ गरिनेछ।

६४. 'जनता आवास कार्यक्रम'र ग्रामीण क्षेत्रमा रहेका बिपन्न परिवारको आवास सुधारका लागि फुसको छानो विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । संघ प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा जोखिममा परेका बस्तीलाई स्थानान्तरण गरी एकीकृत बस्ती विकास गर्ने कार्य प्रारम्भ गरिनेछ।

६५. स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रदेश नं १ का सबै नगरपालिकाहरुमा राष्ट्रिय भवन संहिता कार्यान्वयनमा ल्याइनेछ।

**माननीय सभामुख,**

६६. सुरक्षित र दिगो खानेपानी व्यवस्थापनका लागि खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

६७. सतह सिंचाइको पहुँच नपुगेका कृषियोग्य टार एवं फाँटहरुमा पम्प तथा लिफ्ट प्रविधि मार्फत सिंचाइ सुबिधा उपलब्ध गराइनेछ । संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा मध्य पहाडी जिल्लाका ६० स्थानीय तहमा साना सिंचाइ निर्माण गरी सञ्चालनमा ल्याइनेछ।

६८. पुराना र क्षतिग्रस्त सिंचाई पूर्वाधार मर्मत संभार गरी बाह्रै महिना नहर सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

६९. ठूला खानेपानी तथा सिंचाई पूर्वाधार निर्माण गर्न स्थानीय तह र उपभोक्तासँगको सहलगानीमा वित्तीय श्रोत जुटाउने नीति लिइनेछ।

७०. स्वदेशी तथा वैदेशिक लगानीलाई आकर्षित गर्दै २० मेगावाटसम्मका जलविद्युत तथा सौर्यविद्युत आयोजना सञ्चालन गरिनेछ । पेट्रोलियम पदार्थ र एल. पि. ग्यााँसको प्रयोगलाई विस्थापित गर्न विद्युतीय चुलो र विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

७१. आगामी दुईवर्ष भित्र सवै नागरिकको घरमा बिद्युत सुविधा पुर्‍याइनेछ । प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरुमा सौर्य विद्युतसमेत प्रयोग गरी सौन्दर्यीकरण गरिनेछ।

७२. प्रत्येक नागरिकलाई आधारभूत खानेपानी सेवा प्रवाह गर्न 'एक घर एक धारा'को अवधारणा अनुरुप सञ्चालित खानेपानी तथा सरसफाई आयोजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्दै लगिनेछ। खानेपानीसेवा उपलव्ध नभएका स्थानहरुमा पम्प, लिफ्ट, डिपबोरिङ्ग तथा वर्षातको पानी सङ्कलन मार्फत खानेपानी सेवा उपलब्ध गराइनेछ।

**माननीय सभामुख,**

७३. सर्वसाधारणलाई यातायात कार्यालयबाट प्रदान गरिने सेवालाई सूचना प्रविधिको माध्यमबाट छिटो, छरितो, र भरपर्दो बनाउँदै लगिनेछ।

७४. संचार क्षेत्रलाई पूर्वाधारयुक्त र प्रविधि मैत्री बनाइने छ । सञ्चारकर्मीको क्षमता अभिवृद्धि गरिनेछ । मिडिया काउन्सिल गठन गरी सञ्चार क्षेत्रलाई व्यवस्थित बनाइनेछ ।

७५. सवारी साधनसँग सम्वन्धित कारखाना, वर्कसप, ड्राईभिङ सेन्टरहरुको दर्ता र नवीकरणलाई अनिवार्य गरिनेछ।

७६. इ-रिक्सा, टेम्पो जस्ता तीनपाङ्ग्रे सवारी साधन सञ्चालनलाई सुरक्षित, व्यवस्थित र भरपर्दो बनाउन स्थानीय तह मार्फत दर्ता र नवीकरण गर्न सहजीकरण गरिनेछ।

७७. प्रदेशभित्रका प्रमुख शहरका मुख्य स्थानमा ट्राफिक बत्तीको व्यवस्था गरिनेछ। सडक अनुशासन र सडक सुरक्षालाई प्राथमिकताका साथ लागू गरिनेछ ।

७८. सरकारी सूचना प्रणालीलाई सुरक्षित, व्यवस्थित र उपयोगी बनाउन तथ्याङ्क र सूचना प्रणालीको उत्पादन एवम् सञ्चालनमा एकरुपता कायम गरिनेछ।

७९. सूचना-प्रविधिमा आएको परिवर्तनसँगै चलचित्र निर्माण तथा सिनेमाहल सञ्चालनलाई प्रविधि मैत्री बनाउन प्रोत्साहित गरिनेछ। प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरुमा चलचित्र छायाङ्कन स्थलको विकास गरिनेछ। प्रदेशको पहिचान र पर्यटन प्रवर्द्धन गर्ने चलचित्रलाई प्रोत्साहन गरिनेछ। डाटा सुरक्षाको लागि डाटा सेन्टर स्थापना गरिनेछ। टेलिफोन सेवा, ईन्टरनेट र केबल नेटवर्कलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्न आवश्यक सहजीकरण गरिनेछ।

**माननीय सभामुख,**

८०. 'सामाजिक क्षेत्रमा लगानी, विकासको सुनौलो विहानी'को मान्यतालाई मूर्तरुप दिन महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, शिक्षा तथा युवा खेलकुद क्षेत्रलाई समेटी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

८१. विद्यालय तहको शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी, सीपयुक्त एवं सूचना प्रविधिमैत्री बनाउन प्रदेश शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। स्थानीय तहसँगको समन्वयमा प्रदेशको विशेषता र स्थानीय आवश्यकता तथा विभिन्न प्रकारका दुर्व्यसन रोकथामका विषयमा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ। आधारभूत विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक मातृभाषामा निर्माण गर्न, विज्ञ शिक्षक व्यवस्थापन गर्न सहजीकरण गरिनेछ।

८२. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाई सामुदायिक विद्यालयहरुमा भौतिक सुविधाको विकास एवं विस्तारगरी गुणस्तर अभिवृद्धि गर्न विद्यालय भवन, अपाङ्ग एवम् लैङ्गिक मैत्री शौचालय, स्वच्छ पिउनेपानी, मर्मत संभार, तथा सूचना प्रविधिको विकास र विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ।

८३. सम्बन्धित स्थानीय तहसँगको समन्वय एवम् सहकार्यमा विद्यालयको भौतिक पूर्वाधार विकास र व्यवस्थापकीय सुधारमा लगानी बढाउँदै लगिनेछ। सबै स्थानीय तहमा एउटा माध्यमिक तहको नमूना विद्यालय बनाउने नीति अख्तियार गरिनेछ। प्रत्येक स्थानीय तहमा एउटा आधारभूत विद्यालयलाई नमूना बालमैत्री विद्यालयको रुपमा विकास गरी गुणस्तरीय शिक्षा सुनिश्चित गरिनेछ ।

८४. विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन शिक्षकको पेशागत क्षमता विकास गर्न सेवा प्रवेश तथा सेवाकालीन तालिम सञ्चालन गरिनेछ। आधारभूत तहदेखि नै विज्ञान, प्रविधि, इन्जिनियरिङ, गणित अवधारणामा आधारित शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

८५. सामुदायिक विद्यालयका प्रधानाध्यापकका लागि विद्यालय व्यवस्थापन तथा सञ्चालन सम्वन्धी विशिष्टीकृत तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ । उत्कृष्ट व्यवस्थापन र नतिजा भएका सफल सामुदायिक माध्यमिक विद्यालयलाई निश्चित मापदण्ड बनाई प्रत्येक जिल्लाबाट एउटा विद्यालय छनौट गरी पुरस्कृत एवम् प्रोत्साहित गरिनेछ।

८६. प्रदेशको उच्च शिक्षालाई व्यवस्थित, प्रभावकारी रोजगारमुलक बनाई उत्पादनसँग जोड्न प्रादेशिक उच्च शिक्षा नीतिको तर्जुमा गरिनेछ। उच्च शिक्षाको पहुँच र गुणस्तरमा अभिवृद्धि गर्दै सक्षम, योग्य, दक्ष, नवप्रवर्तनात्मक तथा सीपयुक्त रोजगारमूखी

मानव संशाधन विकासमा जोड दिइनेछ । मनमोहन प्राविधिक विश्वविद्यालयको संरचनागत र कार्यक्रमगत सुदृढीकरणका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। मनमोहन प्राविधिक विश्वविद्यालयमा थप शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश आविष्कार केन्द्रलाई थप सुदृढीकरण गरिनेछ।

८७. प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयहरुको संस्थागत सुदृढीकरण गरी व्यावसायिक एवम् सीपयुक्त जनशक्ति उत्पादनमा जोड दिइनेछ।

८८. सामुदायिक क्याम्पसहरुको पूर्वाधार विकास तथा सञ्चालन सहायताको लागि निश्चित मापदण्ड निर्धारण गरी सो को आधारमा अनुदान दिने नीति तय गर्दै गुणस्तरीय शैक्षिक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ। प्रदेशको सम्भाव्यता र विशिष्टताअनुरुप उच्च शिक्षाको पाठ्यक्रममा समसामयिक परिमार्जन गर्न जोड दिइनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडिपरेका समुदाय र अपाङ्गता भएका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रबृति प्रदान गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ।

८९. चिकित्सा क्षेत्रमा उच्च तहको जनशक्ति उत्पादन गर्न प्रदेश स्वास्थ्य विज्ञान अध्ययन प्रतिष्ठान स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ । औषधिजन्य जडिबुटीको अध्ययन अध्यापनका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

९०. प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम परिषद् गठन गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम सम्बन्धी प्रादेशिक नीति तर्जुमा गरी प्राविधिक शिक्षालय वा विद्यालयको स्थापना, सञ्चालन, व्यवस्थापन, नियमन, अनुगमन गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कानून तर्जुमा

गरिनेछ । लक्षित वर्गका विद्यार्थीहरुका लागि प्राविधिक शिक्षामा छात्रवृत्ति उपलब्ध गराइनेछ।

९१. प्राविधिक शिक्षा अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रमलाई प्रभावकारी बनाउन कृषि र पशुपालनका क्षेत्रमा अध्ययनरत प्रशिक्षार्थीको प्रयोगात्मक उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ । विद्यालयमा सिकाइमा आधारित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ । प्राविधिक शिक्षालय तथा विद्यालयहरुमा अध्ययनरत प्रशिक्षार्थीको प्रयोगात्मक अभ्यासका लागि विषयसँग सम्बन्धित उद्योग व्यवसाय, कृषि फर्म तथा सडक पूर्वाधार, भवन निर्माण जस्ता कार्य गर्ने संस्थाहरुसँग समन्वय गर्ने नीति लिइनेछ।

९२. निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ । आगामी आर्थिक वर्षमा प्रदेशलाई साक्षर प्रदेश घोषणा गरिनेछ ।

९३. भाषा, कला, संस्कृतिको जगेर्ना र प्रवर्द्धनको निम्ति प्रदेश प्रज्ञा प्रतिष्ठान गठन गरिनेछ । प्रदेशमा ललितकलाको अध्ययन, अनुसन्धान, खोज र प्रवर्द्धनलाई प्रोत्साहित गरिनेछ ।

९४. सामुदायिक पुस्तकालय एवम् सामुदायिक अध्ययन केन्द्रलाई सदृढीकरण गरी स्थानीय स्तरमा प्रकाशित उपयोगी पुस्तकहरु संग्रहित गरिनेछ । सामुदायिक पुस्तकालयहरुलाई प्रविधिमैत्री बनाइनेछ।

९५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्ने प्रदेश नं. १ का खेलाडीलाई प्रोत्साहन स्वरुप पुरस्कृत एवम् सम्मानित गर्ने नीति लिइनेछ। खेलकुदको विकास तथा उन्नयनमा सरकारको भूमिकालाई प्रभावकारी बनाउँदै लगिने छ। खेलकुदको विकासमा निजीक्षेत्रलाई सहभागी गराउने नीति लिइनेछ।

९६. प्रादेशिक एवम् जिल्ला र स्थानीय तहमा रहेका खेलकुद पूर्वाधारको स्तरोन्नति र निर्माण कार्यलाई निरन्तरता दिइनेछ। प्रत्येक जिल्ला सदरमुकाम र स्थानीय तहका केन्द्रमा खुल्ला व्यायामशाला र कभर्डहलको निर्माण गर्दै लगिने छ । स्थानीय तहसँगको समन्वयमा साहसिक र पर्यटकीय खेलकुद (प्याराग्लाइडिङ, कायाकिङ, र्‍याफ्टिङ्ग आदि) का लागि सम्भाव्यता अध्ययन गरी खेल पूर्वाधार विकासका लागि निजी क्षेत्रसँग साझेदारी गरिनेछ। सबै माध्यमिक विद्यालयहरूमा स्काउट विकासको कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

९७. प्रदेश तथा राष्ट्रिय स्तरमा खेलिने सबै प्रकारका खेलकुदलाई प्राथमिकतामा राखी खेलाडी तथा प्रशिक्षकको क्षमता विकास र प्रोत्साहन गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा प्याराखेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।

९८. विद्यालय तहबाटै खेलकुद विकासको आधार तयार गर्न माध्यमिक विद्यालयमा एकजना शिक्षकलाई प्रशिक्षण प्रदान गरी खेलकुद शिक्षक तयार गरिनेछ । विद्यालयका खेलाडी सहभागी हुने जिल्ला र प्रदेशस्तरीय राष्ट्रपति रनिङ्गशिल्ड, जिल्ला एवम् प्रदेश स्तरीय खेलकुद, विभिन्न विधाका राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगिताहरु आयोजना गरिनेछ।

९९. युवाहरुलाई सीपमूलक तालिमका अवसर मार्फत स्वरोजगारीका लागि अभिप्रेरित गर्न युवा सम्वन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । विभिन्न क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याउने युवा प्रतिभालाई सम्मान गरिनेछ ।

१००. महिला, दलित, यौनीक अल्पसंख्यक तथा आर्थिकरुपले विपन्न युवा लक्षित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । जिल्ला सदरमुकाम, स्थानीय तहका केन्द्र तथा स्थानीय बजारमा रोजगार

तथा स्वरोजगारका लागि सीपमूलक तालिम सञ्चालन गरिनेछ।

१०१. शैक्षिक वेरोजगार युवाशक्तिलाई सरकारी सेवा प्रवेशमा आकर्षित गर्नकालागि सबै स्थानीय तह सँगको समन्वय र साझेदारीमा अभिप्रेरणा र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. विद्यालय तहमा विज्ञान तथा गणित शिक्षकहरुका लागि प्रयोगात्मक शिक्षण तालिम सञ्चालन गर्न प्रत्येक जिल्लामा एक एक वटा विज्ञान तथा गणित प्रविधि प्रयोगशाला स्थापना गरिनेछ।

१०३. बैज्ञानिक अनुसन्धानलाई प्रदेशमा प्रवर्द्धन गर्दै विज्ञान प्रविधिको क्षेत्रमा उल्लेख्य योगदान पुर्याउने संस्था र व्यक्तिलाई प्रोत्साहन र सम्मान गरिनेछ।

**माननीय सभामुख,**

१०४. 'स्वस्थ नागरिक, सक्षम प्रदेश' भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकको पहुँच विस्तार गर्दै लगिनेछ। यसका लागि प्रादेशिक स्वास्थ्य नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

१०५. आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा एवम् अन्य बैकल्पिक चिकित्सा सेवा एकीकृत तथा एकद्वार प्रणालीबाट उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

१०६. सबै जिल्ला अस्पतालहरूबाट गुणस्तरीय सेवा प्रदान गर्न विशेषज्ञ चिकित्सक र आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ। अस्पतालवाट हाल प्रवाह भइरहेको चिकित्सा सेवालाई सहज र सुलभ बनाउन टेलिमेडिसिन प्रणाली सञ्चालन गरिनेछ।प्रेषण (रेफरल) सेवा थप विस्तार गरिनेछ।

१०७. एम्बुलेन्स सेवामा आम नागरिकको सहज पहुँच विस्तारका लागि सम्बद्ध संघ संस्थाको समन्वय एवम् सहकार्यमा एकीकृत एम्बुलेन्स सेवा आरम्भ गरिनेछ।

१०८. महिलामा देखिने आङ खस्ने रोग, पाठेघर क्यान्सर, स्तन क्यान्सर, अब्स्टेट्रिक फिस्टुलाका समस्याहरूको रोकथाम तथा उपचार व्यवस्थापन सहज बनाइनेछ। 'कोख देखि शोक सम्म' अभियान सञ्चालन गरी गर्भवती र सुत्केरी महिला लक्षित निःशुल्क एम्बुलेन्स सेवा र सुत्केरी महिलाका लागि पोषणसम्बन्धी कार्यक्रम अगाडि बढाइनेछ।

१०९. गर्भवती महिलाहरुको पूर्व प्रसुति सेवा, प्रसुति सेवा तथा प्रसुति पश्चात गरिने परीक्षणहरू लगायतका सम्पूर्ण स्वास्थ्य सेवाहरू प्रदेश मातहतका अस्पतालहरूबाट निः शुल्क प्रदान गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा 'एक वडा एक वर्थिङ्ग सेन्टर' स्थापना गरिनेछ।

११०. मेची अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नति गरी 'सेन्टर फर एक्सिलेन्स'का रूपमा विकास गरिनेछ। झापाको कमल गाउँपालिकाको लखनपुरमा पचास शैय्याको प्रादेशिक आयुर्वेद अस्पताल यसै आर्थिक वर्षदेखि सञ्चालनमा ल्याइनेछ।

१११. कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रलाई प्रदेश स्तरीय संक्रामक रोग तथा सघन उपचार केन्द्रका रूपमा विकास गरिनेछ। प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई रिफरेन्स ल्याबका रूपमा विकास गर्दै लगिनेछ।

११२. सम्बन्धित संस्थासँगको समन्वय र सहकार्यमा हेमोफेलिया र थालसेमिया रोगको परीक्षण तथा उपचारका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ।

११३. वालवालिकाको पोषण र किशोर-किशोरीको यौन तथा प्रजनन एवं मानसिक स्वास्थ्य लगायत समग्र स्वास्थ्यका विषय समेटी स्वस्थ नागरिक बनाउने उद्देश्यका साथ प्रदेश भित्रका सबै स्थानीय तहका

बिद्यालयहरुमा सञ्चालित' विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम'लाई निरन्तरता दिइनेछ।

११४. महिला, बालवालिका तथा किशोरीहरुको पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**माननीय सभामुख,**

११५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

११६. प्रदेशमा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, आदिवासी जनजाति, लोपोन्मुख, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, दलित, संरक्षण विहिन व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, मधेशी, मुस्लिम लगायत पछाडि परेका समुदायको विकासका लागि लक्षित वर्गमैत्री शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

११७. प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा सञ्चालन भएको एकल महिला उद्यमशीलता विकास कार्यक्रमलाई क्रमशः अन्य स्थानीय तहहरुमा विस्तार गर्दै लगिनेछ ।

११८. लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्रदेश तथा सबै स्थानीय तहहरुमा स्थापित लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिदै कोषमा रहने रकममा समयानुकुल वृद्धि गरिनेछ। लैङ्गिक हिंसापीडित तथा मानव बेचविखन तथा ओसारपसार पीडित महिला तथा बालिकाको संरक्षण एवं पुनःस्थापनाका लागि प्रदेश सरकारद्वारा सञ्चालित दीर्घकालीन पुनःस्थापना गृहलाई थप प्रभावकारी बनाइनेछ । प्रत्येक जिल्लामा स्थानीय तह तथा सामाजिक विकास संस्थामार्फत लैंङ्गिक हिंसा पीडित महिलाका लागि सञ्चालित अल्पकालीन पुनःस्थापना केन्द्र सञ्चालन गर्न निरन्तरता दिइनेछ ।

११९. सन् २०२५ सम्ममा बालविवाह मुक्त प्रदेश वनाउने अभियानलाई सफल पार्न प्रदेशका जोखिमयुक्त क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयमा स्थानीय तहसँगको सहकार्यमा किशोरी शसक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेश भित्र रहेका बालगृह, बाल हेल्पलाईनको सुदृढीकरण तथा सञ्चालनमा आवश्यक सहयोग गरिनेछ । आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार एवम् संरक्षणका लागि आपतकालीन बालउद्धार कोषलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

१२०. सडक बालबालिका मुक्त प्रदेश निर्माणका लागि तीनै तहको सरकारको समन्वय र सहकार्यमा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, पारिवारिक पुनर्मिलन तथा पुनःएकीकरण, पालनपोषण, शिक्षा, सीप तथा स्वरोजगार तालिम सञ्चालन गरी सडक बालबालिकाको संरक्षण तथा व्यवस्थापनमा जोड दिइनेछ । सडकमा रहेका तथा जोखिमयुक्त श्रममा संलग्न गराइएका बालबालिकाको उद्धार, संरक्षण, पुनःस्थापना र पुनर्मिलन गराउदै बालमैत्री प्रदेश निर्माणमा जोड दिइनेछ।

१२१. अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक विकासका लागि प्रदेश सरकार, स्थानीय तह र साझेदार संस्थाको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिदैं अपाङ्गता भएका व्यक्तिहरुलाई आत्मनिर्भर, स्वावलम्वी र सम्मानजनक जीवनयापनका लागि थप स्थानीय तहमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ। अपाङ्गता भएका व्यक्तिहरुको सूचना एवं सेवामा पहुँच स्थापनाका लागि स्थानीय तहमा अपाङ्गता सूचना तथा सहायता कक्ष स्थापनार

सञ्चालनका साथै एक स्थानीय तह एक सांकेतिक दोभाषे सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ।

१२२. विभिन्न कारणले असहाय भई सडकमा रहेका सहयोगापेक्षी सडक मानवहरुको उद्धार तथा पुनःस्थापना गर्दै सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माणको अभियान सञ्चालन गरिनेछ।

१२३. ज्येष्ठ नागरिकहरुको संरक्षण र सम्मान सहितको पुनःस्थापनाका लागि नेपाल सरकारको सहकार्यमा प्रदेशकै नमूना ज्येष्ठ नागरिकग्राम स्थापना गरिनेछ । प्रत्येक जिल्लामा जेष्ठ नागरिक ग्राम स्थापना गर्न पहल गरिनेछ।ज्येष्ठ नागरिकको ज्ञान र अनुभवलाई समाज तथा मुलुकको हितमा पुँजीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । एक स्थानीय तहमा कम्तीमा एउटा दिवा सेवा केन्द्र सञ्चालनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

१२४. दलित तथा महिला सशक्तीकरण कानूनको निर्माण गरिनेछ। छुवाछुत मुक्त प्रदेश निर्माण गर्न विशेष अभियान सञ्चालन गरिनेछ।

**माननीय सभामुख,**

१२५. समुदाय मार्फत व्यवस्थापन भइरहेको प्रादेशिक वनक्षेत्र वृद्धि गर्दै वनको दिगो व्यवस्थापन गरिनेछ।

१२६. गुराँसको राजधानी तथा जैविक विविधताको 'हटस्पट' तीनजुरे-मिल्के-जलजले क्षेत्र रजैविक विविधताले भरिपूर्ण झापा जिल्लाको जलथल वनक्षेत्रलाई नमूना संरक्षण क्षेत्रको रुपमा व्यवस्थापन गरी क्षेत्रगत तथा प्रजातिगत जैविक विविधता अभिवृद्धि गरिनेछ।

१२७. स्थानीय जनताको माग सम्बोधन गर्न समुदाय तथा सरकारद्वारा व्यवस्थित वनमा सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. बहुमूल्य जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सम्भावना भएका क्षेत्र निर्धारणगरी सो कोसंरक्षण र खेती विस्तार गरिनेछ। जडिबुटी संकलन, प्रशोधन, मूल्य अभिबृद्धि तथा ब्रान्डिङ र प्रमाणीकरणको निम्ति अन्तराष्ट्रियस्तरको भण्डारण र प्रयोगशाला निर्माण गरिनेछ। जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवसायीकरण गरी निर्यात प्रवर्द्धन गरिनेछ।

१२९. चरन क्षेत्र तथा जैविक मार्गहरुको पहिचान गरी भू-परिधि व्यवस्थापन गरिनेछ। वन्यजन्तुको वासस्थान संरक्षण तथा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. विकास आयोजनाको सबै चरणमा वातावरणीय पक्षलाई आन्तरिकीकरण गरिनेछ । वन, वातावरण तथा जलाधार व्यवस्थापनमा नवीन प्रविधि भित्र्याइने छ। सो सम्बन्धी 'वेव बेस्ड डाटा मेनेजमेण्ट', वैज्ञानिक अध्ययन अनुसन्धान, तालिम र प्रचारप्रसारका कार्यक्रम एकीकृत एवम् समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ।

१३१. वनस्पति तथा वन्यजन्तुहरुको स्व-स्थानीय तथा पर-स्थानीय संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन गर्न प्राणी उद्यान तथा वनस्पति उद्यान विस्तारका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१३२. प्रदेशस्तरमा जलाधार तथा उप-जलाधार क्षेत्रको नक्साङ्कन गरी उपयुक्त व्यवस्थापन गरिनेछ।

१३३. चुरे लगायतका संवेदनशील जलाधार क्षेत्रमा 'व्यवस्थित र संरक्षित जलाधार, जीवनको आधार' सोचका साथ उपल्लो र तल्लो तटीय सम्बन्धमा आधारित व्यवस्थापन विधि अवलम्वन गरिनेछ। नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।

१३४. नदीजन्य पदार्थको अधिक र अव्यवस्थित दोहन नियन्त्रण गरिनेछ। साथै भू-क्षय नियन्त्रणका लागि सचेतना तथा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।

१३५. चुरे लगायतका वन क्षेत्र भित्र सिमसार, ताल तलैया र पोखरीको निर्माण एवम्संरक्षण गरिनेछ।

१३६. स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा र कार्यान्वयनका लागि सहजीकरण गरिनेछ । साथै वनस्पति तथा हरित पार्क निर्माण र प्रदेश हरियाली कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । विद्यालय तहमा जलवायु परिवर्तन सम्बन्धी पाठ्यक्रम लागू गर्न सहजीकरण गरिनेछ।

१३७. वायु तथा ध्वनी प्रदुषण नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ। शहरी तथा बजार क्षेत्र, राजमार्ग र नदी आसपासका क्षेत्रमा प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ।

**माननीय सभामुख,**

१३८. संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने 'विकास कार्यक्रम तथा आयोजनाको बर्गिकरण र बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६' वमोजिम स्थानीय तहबाट सञ्चालन हुनुपर्ने आयोजना सम्बन्धित स्थानीय तहमा हस्तान्तरणको प्रकृया अगाडि बढाइनेछ ।

१३९. कोभिड-१९महामारीबाट सामाजिक-आर्थिक जीवनमा परेको असर र प्रभाव न्यूनीकरण एवम् आर्थिक पुनरुत्थानका कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

१४०. समृद्ध अर्थतन्त्रको आधार तयार गर्न प्रदेशको आर्थिक विकासको संवाहकको रूपमा रहेका कृषि, उद्योग, पर्यटन, भौतिक पुर्वाधार,

ऊर्जा, सूचना प्रविधि र सहरी विकासको क्षेत्रमा निजी लगानी आकर्षित गरिनेछ।

१४१. विनियोजन दक्षता र कार्यान्वयन क्षमता अभिवृद्धि गरी सार्वजनिक खर्च व्यवस्थापनमा वित्तीय उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरिनेछ।

१४२. आर्थिक श्रोत परिचालनमा आन्तरिक राजश्वको योगदान बढाउन सम्भाव्य क्षेत्रको पहिचान गरिनेछ। राजश्व व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग बढाउँदै चुहावट नियन्त्रण गरिनेछ।

१४३. सूचना प्रविधिको प्रयोग,अन्तरनिकाय समन्वय र जोखिममा आधारित परिपालनाको माध्यमबाट अनौपचारिक आर्थिक गतिविधि नियन्त्रण गरिनेछ।

१४४. प्रदेशमा सञ्चालन हुने विकास आयोजनाको प्राथमिकीकरण गरी छनौट गर्न परियोजना बैङ्क तयार गरिनेछ। अन्तरतह समन्वय मार्फत आयोजनाको छनौट तथा कार्यान्वयनमा दोहोरोपना नहुने व्यवस्था मिलाइनेछ।

१४५. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदन प्रणालीका बीच अन्तरआवद्धता कायम गरी बजेट प्रणालीलाई स्वचालित बनाइनेछ।

१४६. संघ,प्रदेश र स्थानीय तहको पारस्परिक समन्वय र सहकार्यका आधारमा सहलगानीको माध्यमबाट व्यावसायिक रूपमा सम्भाव्य एवम् उच्च प्रतिफलयुक्त परियोजना सञ्चालन गरिनेछ।

१४७. वित्तीय क्षेत्रका नियामक निकायहरूको सहकार्य र समन्वयमा वित्तीय साक्षरता कार्यक्रम सबै पालिकामा सञ्चालन गरिनेछ। मुसहर, ऋषिदेव लगायतका सीमान्तकृत वर्गलाई स्वास्थ्य विमाको दायरामा ल्याउन प्रोत्साहित गरिनेछ।

**माननीय सभामुख,**

१४८. प्रदेश निजामती सेवा र स्थानीय तहको सरकारी सेवाको गठन, सञ्चालन तथा सेवा शर्तको बिषयमा आवश्यक कानून तर्जुमा गरिनेछ।

१४९. प्रदेश र स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको अभिलेख व्यवस्थित गर्ने प्रयोजनका लागि प्रदेश किताबखानाको स्थापना गरिनेछ।

१५०. प्रदेश प्रशिक्षण केन्द्रको भौतिक पूर्वाधार तथा जनशक्तिको क्षमता अभिबृद्धि गरिनेछ।

१५१. प्रदेशको निजामती प्रशासनलाई नतिजामूखी बनाउन कार्यसम्पादन सम्झौता प्रणाली कार्यान्वयनमा ल्याइनेछ। प्रदेश मातहतका निकायहरूको कार्यसम्पादन तथा सेवा प्रवाहको गुणस्तर सुधार गर्न व्यवस्थापन परीक्षण कार्य प्रारम्भ गरिनेछ।

१५२. प्रदेशको सुशासन र सेवा प्रवाहमा सुधार ल्याउन नागरिकका गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाइनेछ। भ्रष्टाचार न्यूनीकरणका लागि निरोधात्मक एवम् प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. 'नागरिकको जिउ, धन र सार्वजनिक सम्पत्तिको सुरक्षा, प्रदेश सरकारको प्रतिवद्धता 'भन्नेमान्यताबाट प्रेरित भई प्रदेशमा शान्ति सुरक्षा र अमन-चयन कायम गरिनेछ। यसका लागि अन्तरतह समन्वय प्रभावकारी बनाइनेछ।

१५४. सहिद तथा बेपत्ता परिवार र द्वन्द्वपिडित एवम् विस्थापितलाई राहत, पुनःस्थापना र सहायताका लागि आवश्यक व्यवस्था मिलाइनेछ । विभिन्न आन्दोलनमा घाइते भई उपचार नपाएकाहरुको यथोचित उपचारको व्यवस्था गर्ने, अङ्गभङ्ग भएकाहरुलाई क्षतीपूर्तिको व्यवस्था गरिनेछ ।

१५५. सामाजिक विकृति, लागूऔषध सेवन तथा दुर्व्यसन विरुद्धको अभियान र विपदमा किशोर किशोरीलाई सामाजिक कार्यमा परिचालन गर्न 'हामी स्वयंसेवी' अभियान सञ्चालन गरिनेछ ।

१५६. प्रचलित प्रदेश कानूनमा सुधार र नयाँ कानून तर्जुमाको कार्यलाई प्रभावकारी बनाइनेछ । स्थानीय तहको कानून तर्जुमाका लागि प्राविधिक सहयोग उपलब्ध गराइनेछ । प्रदेश कानूनको एकीकरण, संहिताकरण, अभिलेखीकरण, प्रकाशन र वितरणको व्यवस्था मिलाइनेछ।

१५७. मानवअधिकारसँग सम्बद्ध निकायहरुसँग समन्वय गरी प्रदेशमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

१५८. युवा लक्षित कानूनी साक्षरता र न्यायमा पहुँच अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । संघ, प्रदेश र स्थानीय तहको समन्वयमा निःशुल्क कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

१५९. प्रदेश सरकारको हकहित र सरोकार रहेको मुद्दाको प्रतिरक्षा र लिखित जवाफ सम्बन्धी बिषयमा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। त्यसैगरी स्थानीय न्यायिक समिति र स्थानीय विधायन समितिको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सभामुख,**

१६०. सम्वद्ध निकाय एवम् सरोकारवालासँगको समन्वय एवम् सहभागितामा विपद् पूर्वतयारी प्रति कार्य र पुनःस्थापना सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१६१. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धानका साथै जलवायुजन्य विपद्को असर न्यूनीकरणका लागि विपद् पूर्व सूचना प्रणाली कार्यान्वयनमा ल्याइनेछ।महामारी तथा विपदमा परी

विस्थापित भएका व्यक्तिलाई तत्कालका लागि सुरक्षित राख्न तथा विपद खोज, उद्धार र राहत सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन 'प्रदेश विपद व्यवस्थापन केन्द्र' स्थापना गरिनेछ।

१६२. मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको संस्थागत सुदृढीकरण गर्न प्रदेश अन्तर्गतका जिल्लाहरुमा दुई वा दुईभन्दा वढी पालिका संलग्न गरी 'एकीकृत सेवा केन्द्र' स्थापना गर्न आवश्यक समन्वय, सहजीकरण र सहकार्य गरिनेछ।

**माननीय सभामुख,**

**माननीय सदस्यहरू,**

१६३. स्वच्छ, सुखी र समुन्नत प्रदेशको आकाङ्क्षा प्रदेश सरकारको एकल प्रयासबाट पूरा गर्न कठिन छ। यसका लागि प्रदेशमा क्रियाशील नीजि क्षेत्र, सहकारी एवम् सम्पूर्ण विकासप्रेमी नागरिकको सद्भाव, सहयोग र सहकार्य आवश्यक पर्दछ। प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षको सद्भाव एवम् सहयोग प्राप्त हुने विश्वास लिएको छु। नागरिकको विकासप्रतिको तीव्र आकाङ्क्षालाई पूरा गर्न उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी उच्च आर्थिक वृद्धि हासिल गर्न, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार ल्याउन र सबै प्रदेशवासीमा आशा र उत्साह सञ्चार गर्न प्रदेश सरकार प्रतिवद्ध छ।

१६४. आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई प्रदेशको समग्र विकासमा सहयोग पुग्ने अपेक्षा गरेको छु। नागरिकको जीउधनको सुरक्षा, शान्ति सुव्यवस्थाको भरपर्दो वन्दोवस्त, गुणस्तरीय शिक्षा एवम् स्वास्थ्य सेवाको सहज रसुलभ पहुँच तथा सामाजिक सुरक्षा एवम् संरक्षणका

कार्यक्रम मार्फत सामाजिक न्याय र सुशासन कायम गर्न प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु।

**अन्त्यमा,**

१६५. प्रदेशको समग्र विकास र समुन्नतिका लागि प्रत्यक्ष एवम् परोक्षरुपमा योगदान पुर्‍याउने सबै राजनीतिक दल, राष्ट्रसेवक, नीजि क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार, नागरिक समाज, श्रमिक, बुद्धिजीवि तथा सञ्चार जगत लगायत सम्पूर्ण प्रदेशवासी दिदीबहिनी तथा दाजुभाइलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सबै क्षेत्रको पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद।